म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २३२ २०८१ असार ३० गते आइतबार 14 July 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-




## बागतमी प्रदेश

# भत्तामा र इन्धनमा खर्चियो २५-२५ करोड

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा कुल विनियोजन बजेटमध्ये ४५ अर्ब ६६ करोड ७९ लाख ९९ हजार रुपैयाँ खर्च गरेको छ। प्रदेशको १३ मन्त्रालय, संवैधानिक निकाय र मातहतका कार्यालयहरुबाट चालु तथा पुँजीगततर्फका विभिन्न शीर्षकअन्तर्गत विनियोजित कुल ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँमध्ये १७ अर्ब ४ करोड १० लाख ७८ हजार रुपैयाँ फ्रिज भएको हो ।

प्रदेश सरकारको कुल विनियोजनको २३ प्रतिशत रकम फ्रिज भएको प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाले जनाएको छ । प्रदेश सरकारले चालुतर्फ २६ अर्ब २९ करोड ४ लाख ६५ हजार रुपैयाँ विनियोजन गरेकोमा १७ अर्ब १२ करोड ५५ लाख २ हजार रुपैयाँ खर्च गरेको छ। चालुतर्फ प्रदेश सरकारको ९ अर्ब १६ करोड ४९ लाख ६२ हजार रुपैयाँ फ्रिज भएको प्रदेश लेखा नियन्त्रक हरिप्रसाद उपाध्यायले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रदेश सरकारले पुँजीगततर्फ ३५ अर्ब ९१ करोड ८६ लाख १३ हजार रुपैयाँ मध्ये २८ अर्ब ५४ करोड २४ लाख ९७ हजार रुपैयाँ खर्च गरेको छ भने ७ अर्ब ३७ करोड ६१ लाख १५ हजार रुपैयाँ फ्रिज भएको छ । प्रदेश सरकारले चालु खर्चतर्फ कर्मचारी पारिश्रमिकमा २ अर्ब ५ करोड ३५ लाख ५६ हजार रुपैयाँ र पदाधिकारी पारिश्रमिकतर्फ ११ करोड ९४ लाख ६९ हजार रुपैयाँ खर्च गरेको छ। पोशाक खर्च शीर्षकअन्तर्गत ५ करोड ५५ लाख ३० हजार रुपैयाँ खर्च गरेको छ भने खाद्यान्नबापत ६ करोड ६९ लाख ६३ हजार रुपैयाँ खर्च गरेको छ।

प्रदेश सरकारको कुल बजेटमध्ये भत्ता शीर्षकअन्तर्गत २५ करोड २५ लाख ५ हजार रुपैयाँ खर्च गरेको छ । सो शीर्षकअन्तर्गत कुल ३७ करोड ३६ लाख ९६ हजार रुपैयाँ विनियोजन भएको थियो । उक्त शीर्षकअन्तर्गत स्थानीय भत्तातर्फ ८० लाख ७४ हजार रुपैयाँ विनियोजन गरिएकोमा ३९ लाख ६९ हजार रुपैयाँ खर्च भएको छ । महंगी भत्तातर्फ विनियोजित १२ करोड १७ लाख ८५ हजार रुपैयाँमध्ये ८ करोड १० लाख ५९ हजार रुपैयाँ खर्च भएको छ। कर्मचारी बैठक भत्तातर्फ ४ करोड २२ लाख ७० हजार रुपैयाँ विनियोजन भएकोमा २ करोड ५३ लाख ९७ हजार रुपैयाँ खर्च भएको छ भने अन्य भत्तातर्फ विनियोजित ५ करोड ६१ लाख ४० हजार रुपैयाँमध्ये ३ करोड ९० लाख ४ हजार रुपैयाँ खर्च भएको छ।

यस्तै, पदाधिकारी बैठक भत्तातर्फ विनियोजित २ करोड २५ लाख १९ हजार रुपैयाँमध्ये ७८ लाख ५७ हजार रुपैयाँ खर्च भएको छ। पदाधिकारी अन्य भत्तातर्फ विनियोजित १ करोड ५१ लाख ८७ हजार रुपैयाँमध्ये ९५ लाख ४५ हजार रुपैयाँ खर्च गरेको छ भने पदाधिकारी अन्य सुविधातर्फ १० करोड ७७ लाख २० हजार रुपैयाँ विनियोजनमध्ये ८ करोड ५६ लाख ७३ हजार रुपैयाँ खर्च गरेको छ।

### इन्धन खर्चमा सकियो २४ करोड बढी रकम

प्रदेश सरकारको कुल बजेटमध्ये इन्धन शीर्षकमा २४ करोड रुपैयाँ बढी रकम खर्च भएको छ । मन्त्रालय र मातहतका निकायले कुल विनियोजनमध्ये २४ करोड ८१ लाख २७ हजार रुपैयाँ खर्च गरेको हो ।

विभिन्न सुविधाअन्तर्गत प्रदेश सरकारले विनियोजन गरेको २८ करोड ९९ लाख १९ हजार रुपैयाँमध्ये २४ करोड ८१ लाख २७ हजार रुपैयाँ खपत गरेको हो । प्रदेश सरकारले पदाधिकारी सुविधाअन्तर्गत प्राप्त हुने इन्धन खर्चतर्फ विनियोजन गरेको २ करोड ६ लाख ५६ हजार रुपैयाँमध्ये १ करोड ३२ लाख ८० हजार रुपैयाँ खर्च गरेको छ ।

कार्यालय प्रयोजनका लागि प्रयोग हुने इन्धन खर्चतर्फ विनियोजित १२ करोड ९१ लाख ५९ हजार रुपैयाँमध्ये ११ करोड २६ लाख २ हजार रुपैयाँ खर्च गरेको छ भने अन्य प्रयोजनका लागि प्रयोग हुने इन्धन खर्चतर्फ विनियोजन गरिएको १ करोड ७४ लाख २ हजार रुपैयाँमध्ये १ करोड १२ लाख ८७ हजार रुपैयाँ खर्च भएको छ।

सवारी साधन मर्मततर्फ खर्च ११ करोड ९ लाख ५७ हजार रुपैयाँ खर्च भएको छ। सो शीर्षकमा प्रदेश सरकारले १२ करोड २७ लाख १ हजार रुपैयाँ विनियोजन गरेको थियो। प्रदेश सरकारले चालु आर्थिक वर्षमा ४६ लाख ९८ हजार रुपैयाँ खर्च गरेर सवारी साधन खरिद गरेको छ। सो शीर्षकतर्फ ५३ लाख ९४ हजार रुपैयाँ विनियोजन गरेको थियो ।

### अनुगमन खर्च ११ करोड रुपैयाँ

प्रदेश सरकारले चालु आर्थिक वर्षमा विभिन्न अनुगन तथा मूल्यांकनका लागि ११ करोड रुपैयाँ बढी बजेट खर्च गरेको छ । विभिन्न विकासका आयोजना अनुगमनका लागि प्रदेश सरकारका निकायहरुले ११ करोड १४ लाख ८४ हजार रुपैयाँ खर्च गरेको हो ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा अनुगमन मूल्यांकन खर्च शीर्षकअन्तर्गत १२ करोड ८१ लाख २६ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । त्यस्तै, प्रदेश सरकारले भ्रमण खर्चअन्तर्गत २ करोड ८४ हजार रुपैयाँ खर्च गरेको छ। भ्रमण खर्चतर्फ विनियोजित ३ करोड ४५ लाख ५८ हजार रुपैयाँमध्ये १ करोड ९० लाख २९ हजार रुपैयाँ खर्च गरेको छ भने विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डल भ्रमण खर्च शीर्षकतर्फ विनियोजित ३४ लाख ५० हजार रुपैयाँमध्ये १० लाख १९ हजार रुपैयाँ खर्च भएको छ।

प्रदेश सरकारले सार्वजनिक तथा नीजि जग्गाको भाडा वापत २९ लाख ५८ हजार रुपैयाँ खर्च गरेको छ । सो शीर्षकअन्तर्गत प्रदेश सरकारले ३५ लाख २ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । घर भाडाका लागि प्रदेश सरकारले कुल विनियोजित बजेट ११ करोड ८३ लाख ४१ हजार रुपैयाँमध्ये ९ करोड ७७ लाख ९१ हजार रुपैयाँ खर्च गरेको छ। सवारी साधन तथा मेसिनरी औजार भाडातर्फ विनियोजित ४३ लाख ९९ हजार रुपैयाँमध्ये २७ लाख ११ हजार रुपैयाँ खर्च गरेको छ। सवारी साधन तथा मेसिनरी औजार मर्मत शीर्षकमा विनियोजन गरेको ३ करोड ८५ लाख ६५ हजार रुपैयाँमध्ये ३ करोड २६ लाख ५३ हजार रुपैयाँ खर्च गरेको छ।

# मुख्यमन्त्री जम्कट्टेलले आइतबार विश्वासको मत लिने मिति तय गर्ने



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले साउन पहिलो साता नयाँ सरकार निर्माणको मार्ग खुला गर्नुहुने भएको छ। उहाँले प्रक्रियागतरुपमा नै नयाँ गठबन्धनलाई सरकार निर्माणको वातावरण तयार गर्ने योजना बनाएको बताउनुभयो ।

विश्वासको मत लिने विषयमा तत्काल मिति तय नगरिएकाले सत्ता गबठन्धनका दलहरुबिच छलफल गरेर निर्णय गर्ने उहाँको भनाइ छ। दलहरुसँगको छलफलका आधारमा एमाले-कांग्रेस गठबन्धनबाट सरकार निर्माणका लागि बाटो खुला गरिदिने उहाँले बताउनुभयो ।

'आइतबार सरकारमा रहेका दलहरुसँगको छलफलमा विश्वासको मत लिने मितिको बारेमा निर्णय हुन्छ । मैले मिति तय गरेको छैन । साझेदार दलहरुसँगको छलफलपछि संसद सचिवालयमा पत्र पठाउँछु ।' उहाँले भन्नुभयो । मुख्यमन्त्री जम्कट्टेलका अनुसार केन्द्रमा माओवादी केन्द्रको सरकारले संसदबाट विश्वासको मत नपाएको र प्रदेशमा पनि प्राप्त नहुने स्पष्ट रहेको छ। सोही अनुसार सरकार निर्माणका लागि मार्गप्रशस्त गर्न प्रक्रियामा अघि बढेको उहाँले बताउनुभयो ।

नयाँ समीकरणका दलहरु केन्द्रमा सरकार निर्माणमा जुटेको र आइतबार नै नयाँ सरकार गठन हुने भएकाले सोपश्चात् एमाले-कांग्रेसले प्रदेशको तयारी थाल्ने मुख्यमन्त्री जम्कट्टेलले बताउनुभयो । 'म आफै धेरै समय लिने सोचमा छैन । विश्वासको मत लिएर वा राजीनामा दिए पनि नयाँ सरकार गठनमा मार्गप्रशस्त गर्ने हो', मुख्यमन्त्री जम्कट्टेलले भन्नुभयो- 'प्रक्रियागतरुपमा सरकार निर्माणको लागि सहज वातावरण तयार हुनेछ ।'

कांग्रेस-एमाले केन्द्रमा सरकार गठनको तयारीमा भएकाले प्रदेशमा त्यति चासो नदिभएको उहाँको भनाइ छ । 'केन्द्रमा सरकार गठन भइसकेपछि उहाँहरु अघि बढ्नुहुन्छ । त्यसलाई ध्यानमा राखेर म आफैँ धेरै समय नलिने र प्रक्रियाबाट सरकारको नेतृत्व चयनका लागि वातावरण निर्माण गर्छु ।' मुख्यमन्त्री जम्कट्टेलले भन्नुभयो ।

# मकवानपुरगढीको बजेट पारित

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट पारित भएको छ । शुक्रबार सम्पन्न गाउँसभाबाट बजेट पारित गरिएको गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाख्रिन नेपालीले जानकारी दिनुभयो ।

गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ६३ करोडको बजेट पारित गरेको हो। यसअघि असार १० गते भएको गाउँसभामा पालिकाकी उपाध्यक्ष पाख्रिनले ५७ करोड ९५ लाख ५६ हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गर्नुभएको थियो। चालु आर्थिक वर्षको मौज्दात ३ करोड ५० लाख रुपैयाँसहित बजेट ६३ करोड पुगेको उपाध्यक्ष पाख्रिनले बताउनुभयो। शुक्रबार सम्पन्न गाउँसभाले विनियोजन विधेयक पनि स्वीकृत गरेको छ।

यस पटक पालिकाले शिक्षा क्षेत्रमा प्राथमिकता दिएर लगानी गरेको उपाध्यक्ष पाख्रिनले बताउनुभयो। यसका लागि चालु आर्थिक वर्षमा दुई करोड बजेट शिक्षा क्षेत्रमा विनियोजन गरेकोमा आगामी आर्थिक वर्षका लागि पालिकाले चार करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। उपाध्यक्ष पाख्रिनका अनुसार वडाहरुबाट पनि निश्चित प्रतिशत शिक्षा क्षेत्रमा खर्च गर्ने गरी बजेट विनियोजन भएको छ।

पालिकाले अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणा गरिसकेको अवस्थामा त्यही कार्यक्रमलाई अगाडि बढाउने र आधारभूत तहसम्मका विद्यार्थीहरुले निःशुल्क पढ्न पाउने व्यवस्था मिलाउन, विद्यालयहरुमा अनुदानको व्यवस्था र अतिरिक्त कक्षा व्यवस्थापनजस्ता कार्यक्रम गर्न शिक्षा क्षेत्रमा लगानी बढाइएको हो ।

गाउँपालिकाले आगामी आर्थिक वर्षमा किसान सञ्चिती कोषका ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । दूध बेच्ने किसानहरुलाई गाउँपालिकाले ५० पैसा, सहकारीले ५० पैसा र किसानले ५० पैसा जम्मा गरेर खातामा राखेर निश्चित अवधि पूरा गरिसकेपछि किसानले निकाल्न पाउनेछन्। किसान पेन्सनजस्तो यो कार्यक्रममा त्रिपक्षीय लागत हुनेछ । यस्तै, दूधमा लिटरको १ रुपैयाँ अनुदान दिन ८३ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

गाउँपालिकामा कृषि एम्बुलेन्सको व्यवस्था गरिने भएको छ। पालिकाभित्रको १ नम्बर वडामा धान र कोदो, २ नम्बर वडामा गोलभैंडा र बाखापालन, ३ नम्बर वडामा दूध र केरा, ५ नम्बर वडामा खुर्सानी, ६ नम्बर वडामा तरकारी र फलफूल र ८ नम्बर वडामा गोलभैंडा खेतीको बजारीकरणमा सहयोग पुऱ्याउन सहकारीको साझेदारीमा एम्बुलेन्स व्यवस्था गर्ने भएको हो ।

यस्तै, कृषकहरुबाट उत्पादित स्थानीय एवम् रैथाने बालीहरु कोदो, धानकोदो, जुनेली, फापर, सिमीको उत्पादनमा आधारित प्रोत्साहन अनुदानको कार्यक्रमलाई निरन्तरता दिइने नीति तथा कार्यक्रम रहेको छ। यस्तै, गाउँपालिकाले पालिका वडा नम्बर ५ स्थित धादिङको मिनी रंगशालालाई रंगशालाको रुपमा विकास गर्ने भएको छ ।







हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# सम्पादकीय

## प्रचण्डको निराशाजनक कार्यकाल

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड शुक्रबारबाट पदमुक्त भएका छन् । प्रतिनिधिसभा प्रतिनिधिसभाबाट विश्वासको मत लिने प्रस्ताव पारित नभएपछि प्रधानमन्त्री प्रचण्ड पदमुक्त भएका हुन् । सत्ता साझेदार नेकपा एमाले सरकारबाट अलगिएर प्रचण्ड नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री प्रचण्ड अल्पमतमा परेका थिए । अल्पमतमा परेपछि संविधानको धारा १०० (२) अनुसार विश्वासको मत मागेका प्रचण्डको पक्षमा ६३ मतमात्र परेको थियो । २७५ सदस्यीय प्रतिनिधिसभामा बहुमतका लागि १३८ मत चाहिनेमा प्रचण्डको विपक्षमा १९४ मत परेको थियो । प्रतिनिधिसभाबाट विश्वासको मत पाउन नसकेपछि करिब १८ महिना सरकारको नेतृत्व गरेका प्रधानमन्त्री प्रचण्ड सरकारबाट बाहिरिएका छन् । अर्को सरकार निर्माण नहुँदासम्म प्रचण्ड कामचलाउ प्रधानमन्त्री हुनेछन् ।

२०७९ मंसिरमा सम्पन्न निर्वाचनपछि पहिलो र दोस्रो ठूलो दललाई पाखा लगाएर २०७९ पुस १० मा प्रचण्ड प्रधानमन्त्री भए । प्रचण्डले पहिलो पटक २६ पुसमा विश्वासको मत लिँदा उनको पक्षमा २६८ मत परेको थियो । दोस्रो पटक २०७९ चैत ६ मा विश्वासको मत लिँदा प्रचण्डले १७२ मत पाएका थिए । तेस्रो पटक २०८० फागुन ३० र चौथो पटक २०८१ जेठ ७ मा विश्वासको मत लिँदा उनले समान १५७ मत पाएका थिए । तर, पाँचौं पटकको विश्वासको मत लिने क्रममा उनले निकै कम मत पाए । प्रतिनिधिसभाको पहिलो र दोस्रो ठूलो दल कांग्रेस र एमालेले नयाँ सरकार बनाउने सहमति गरेसँगै राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीको मत पाउँदा पनि प्रचण्डको पक्षमा ६३ मतमात्र पुग्यो । प्रचण्ड प्रधानमन्त्रीबाट पदमुक्त भएसँगै एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीमा दावी पेश गरिसकेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६ (२) अनुसार प्रतिनिधिसभाको दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार गठनका लागि असार ३० गते साँझसम्म दावी पेश गर्न आह्वान गरेपछि कांग्रेसको समर्थनमा ओलीले दावी गरेका हुन् । दावी पेश गर्ने समय सकिनासाथ ओली नयाँ प्रधानमन्त्री नियुक्त हुनेछन् ।

२७५ सदस्य रहेको प्रतिनिधिसभामा ३२ सिटको माओवादीका तर्फबाट सरकारको नेतृत्व गर्न पाउनु प्रचण्डको लागि सामान्य उपलब्धी थिएन । एक-एक जना सांसद रहेको जनमोर्चा र नेमकिपाबाहेक सबै दल र स्वतन्त्र सांसदसमेतको समर्थनमा पाउनु प्रचण्डको लागि ठूलो अवसरसमेत थियो । प्रधानमन्त्री बनेको करिब २ महिनापछि नै प्रचण्डले गठबन्धन फेरेर कांग्रेसको आडमा मन्त्रिमण्डल पुनर्गठन गरे । त्यसको करिब एक वर्षपछि फेरि एमालेसँग गठबन्धन गर्दै कांग्रेसलाई प्रतिपक्षमा पुऱ्याए । आफू नमर्दासम्म राजनीतिक उथलपुथल भइराख्छ भन्ने प्रचण्ड गठबन्धन फेर्दै प्रधानमन्त्री पदको आयु लम्ब्याउन अग्रसर बन्दै गएपछि कांग्रेस-एमालेले गठबन्धन गरेर उनलाई प्रधानमन्त्रीबाट पदमुक्त गराएको हो । पहिलो र दोस्रो दललाई बारम्बार खेलाएर सत्तासिन बनिरहेका प्रचण्डले अल्पमतमा रहेको स्पष्ट हुँदासमेत सहजै सत्ता छाड्न सकेनन् ।

तेस्रो पटक प्रधानमन्त्री बनेका प्रचण्डले यस पटक पनि आफ्नो सकारात्मक प्रभाव छाड्न सकेनन् । पहिलो पटक प्रधानमन्त्री हुँदा अपरिपक्वताका कारण सत्ताबाट हट्नु परेपछि दोस्रो पटक प्रधानमन्त्री हुँदा लोडसेडिङ अन्त्य गर्दै करिब १० महिना शासन चलाएपछि कांग्रेसलाई प्रधानमन्त्री लिएर राजनीतिक इमान्दारिता देखाएका प्रचण्डले तेस्रो पटक प्रधानमन्त्री हुँदा भने उल्लेख्य केही गर्न सकेनन् । दुई ठूला दललाई पालैपालो सत्ता साझेदार बनाउन सफल भएका प्रचण्डले न विगतका अपूरा काम पूरा गरे, न सम्झनलायक नयाँ काम नै सुरु गरे । उपलब्धीका हिसाबले उनको कार्यकाल निराशाजनक बन्यो । करिब १८ महिनाको कार्यकालमा १९ पटक मन्त्रिमण्डल पुनर्गठन गरेका प्रचण्डले पाँच पटक विश्वासको मत लिनुपऱ्यो । सामाजिक न्याय, सुशासन, समृद्धि, सार्वजनिक सेवा सुधार र संघीयताको सबलीकरणका लागि धेरै काम गर्न सक्ने अवस्था रहेको भए पनि प्रधानमन्त्री प्रचण्डको कार्यकाल गठबन्धन फेर्दै, मन्त्रिमण्डल बनाउँदै र विश्वासको मत माग्दै बित्यो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : रोकिएका कामहरु बन्ने समय योग रहेको छ । |
| वृष | : परोपकार र धार्मिक कृत्यमा सरिक भइनेछ । |
| मिथुन | : परोपकार र सामाजिक दायित्व बढ्ने छ । |
| कर्कट | : सामाजिक र धार्मिक कृत्यमा सरिक । |
| सिंह | : धनको उपयोगले लाभ प्राप्त हुनेछ । |
| कन्या | : व्यापार-व्यवसायमा सोचे अनुरुप होला । |
| तुला | : शिक्षा दीक्षामा अवसरको खोजी हुनेछ । |
| वृश्चिक | : शेयर कारोबारबाट लाभ प्राप्त होला । |
| धनु | : व्यवसाय र धन्धामा व्यस्त रहनु पर्नेछ । |
| मकर | : कार्यसम्पादनमा निरन्तरता आउने समय छ । |
| कुम्भ | : इज्जत र मान प्रतिष्ठा बढ्ने समय छ । |
| मीन | : अरुको गल्तीले मनमा आघात होला । |

# राप्रपा सरकारमा जान्छ कि जाँदैन ?



बिशभ अधिकारी

जब-जब सरकार गठन र बिघटनको प्रक्रिया आरम्भ हुन्छ तब राप्रपाभित्र सरकारमा जाने-नजाने भन्ने राजनीतिक विषय प्रवेशले उछाल ल्याउँछ । सरकारमा जानुपर्छ र जानै हुँदैन भन्ने विचारमा पार्टीका नेता-कार्यकर्ता दुई वटा ध्रुवमा विभाजित हुन्छन् । कुनै विचार वा मुद्दा उठ्दा त्यस पछाडिको तर्क र सैद्धान्तिक जगमा उभिएर विश्लेषण गर्नु जरुरी हुन्छ ।

सबै राजनीतिक दलको ध्येय नै सत्ता प्राप्त गर्नु हो । राजा, हिदूत्व, संघीयता विरोधी पार्टी सरकारमा जान हुन्न भन्ने एकथरि साथीहरुको बलियो मत छ । अनि सरकारमा कहिले जाने त... ? मुद्दा स्थापित भएपछि जाने..? मुद्दा स्थापित गर्न संसदमा दुई तिहाई सदस्यले संविधानमा व्यवस्था भएको गणतन्त्र, धर्म निरपेक्षता, संघीयता समावेश रहेको शासकीय स्वरुपलाई संशोधन गरेर राजा, सनातन हिन्दू राष्ट्र दुई तहको सरकार स्थापित गर्नुपर्ने हुन्छ, वा आन्दोलन/क्रान्तिले यो संविधान खारेज गरेर आन्दोलनको माग बमोजिमको कोर्सतर्फ मुलुकलाई लैजानेतर्फ अघि बढ्नुपर्ने हुन्छ, यि सबै कार्य गर्न आवश्यक सांसद संख्या राप्रपाको कहिले पुग्छ..?

एकल चुनाव जित्न त कठिन अवस्था छ । ठूला पार्टीको सहकार्य चाहिन्छ भने अर्कोतर्फ आन्दोलनले व्यवस्था पल्टाईहाल्ने धरातलीय यथार्थता छैन । तसर्थ भावनामा बगेर होईन बस्तुनिष्ठ हुन जरुरी छ । यहि राजनीतिक परिस्थिति बुझेर नै यि दुबै मार्गको निर्मम समीक्षा पश्चात पार्टीले वैधानिक बाटो अबलम्वन गर्दै जनविश्वासबाट आफ्ना मुद्दा स्थापित गर्ने मार्ग रोज्यो । ब्यालेटबाट परिवर्तन गर्न सकिन्छ भन्ने संकल्पले अघि बढ्यो । नेपालको संविधानमा धर्म निरपेक्षता, गणतन्त्रलाई अपरिवर्तनीय संवैधानिक व्यवस्थाकोरुपमा समावेश गर्न खोजिएको थियो । तात्कालिन राप्रपाका सांसदहरुको हस्तक्षेपले यि व्यवस्थालाई पनि दुईतिहाईले बदल्न सकिने अवस्थामा पुऱ्यायो । यही संवैधानिक व्यवस्थामा टेकेर राप्रपाले आफ्ना मुद्दा स्थापित गर्न उद्दत रहँदै आएको बिदितै छ ।

राप्रपा सरकारमा जान हुँदैन भन्ने जुन भाष्य निर्माण गर्न खोजिएको छ त्यो सर्वथा अनुचित छ । किनभने भन्न सक्नुपऱ्यो यो वैधानिक बाटो छोडौं बिद्रोहको बिगुल फुकौं । के त्यो बाटो सहज छ । विचारसहितको सशस्त्र आन्दोलनको घोषणा गरौं । शहीदहरुको पंक्तिमा लामबद्ध होऔं भनेर कार्यकर्तालाई आव्हान गरौं, के यो बाटो अख्तियार गर्न सकिन्छ...? पटक-पटक आन्दोलन गरेकै छौं यतिले मात्र व्यवस्था परिवर्तन गर्न सम्भव छ त..? तसर्थ निर्णय गर्दा भावावेश वा उत्तेजनामा वा भावुकता होईन बस्तुपरक ढंगले सोचौं ।

गणतन्त्र धर्मनिरपेक्षता संघीयता जस्ता मुद्दामा राप्रपाको असहमति जगजाहेर छ । पार्टीको पोजिसन वर्तमान व्यवस्थाको खारेज नै हो । तर, त्यसका लागि राजनीतिक परिस्थिति परिपक्क हुनुपऱ्यो । राष्ट्रवादी शक्तीहरु सबै एउटै कित्तामा गोलबद्ध हुनुपऱ्यो । त्यतिञ्जेलसम्म दलहरुसँग नवीन सम्झौता कायम गरेर सकभर सबैको सहमतिमा वर्तमान व्यवस्थामा परिवर्तन गरौं भन्ने नै हो । राप्रपा सरकारमा सहभागी हुने भनेको आफ्नो मुद्दासँग सम्झौता गरेर जाने भनेको किमार्थ होईन । बरु मुद्दालाई स्थापित गर्ने रणनीतिअन्तर्गत जाने हो । १४ सिटले संविधान संशोधन हुँदैन भन्ने कुरा एउटाले म्यानले पनि बुझ्छ तर गणितीय खेलमा १४ सिट पनि निर्णायक हुन सक्छ । ३२ सिटले दुई बर्ष प्रधानमन्त्री खाएको घटना ताजै छ । अवसर आए १४ सिटवालाले पनि सरकारको नेतृत्व गर्न सक्छ त्यो राप्रपाका लागि नैतिक/राजनीतिक विजय हुन्छ । हाम्रो मुद्दा राष्ट्रिय राजनीतिको केन्द्र भागमा आईपुग्छ । हो हिजो तात्कालिन सरकारमा जाँदा गलत सन्देश गएकै हो । हरेक सरकारमा झुण्डिएर जाँदा पदको आशक्ति देखिएकै हो । तसर्थ आफ्ना माग र मुद्दा सम्बोधन गर्न सक्ने केही प्रभाव छोड्न सक्ने सरकारमा जाँदा सकारात्मक सन्देश जान्छ । देखियो त १४सिटवाला गणितीय आधार निर्णायक भएको अवस्थामा पृथ्वीजयन्तीमा सार्वजनिक बिदा दिन र राष्ट्रिय दिवश मनाउन सरकारलाई बाध्य पाऱ्यो । उर्जा क्षेत्रमा "ब्रेक थ्रू" हुने काम भयो । ४० दिन सरकारमा रहँदा यि उपलब्धि हासिल भयो । तर के आन्दौलनबाटै पृथ्वी जयन्तीमा सार्वजनिक बिदा दिन सरकारलाई बाध्य पार्न सम्भव थियो त..? तसर्थ रणनीतिकरुपमा सरकार, सडक, सदनलाई प्रभावकारीरुपमा प्रयोग गर्न सक्नुपर्छ । संविधानअन्तर्गत सांसद हुन हुने, दल खोल्न हुने, प्रदेशमा सभामुख हुनहुने, सचेतक, संसदीय समितिको अध्यक्ष सबै हुन हुने अनि सरकारमा चाहिँ जानै नहुने यो कुतर्क हो । सरकारमा गएर पनि जनताको मन जित्ने भष्टाचारीलाई जेल हाल्ने, सेवाप्रवाहमा जनतालाई अनुभूती हुने ढंगले काम गर्दा जनताको विश्वास पक्कै जित्न सकिन्छ ।

राप्रपाको विचार सवल छ, मुद्दा सशक्त छ । सिद्धान्त प्रष्ट छ । जाने गन्तव्यको मार्ग रणनीतिकरुपमा प्रयोग गर्न सकिन्छ । संख्या र संगठनलाई बलशाली र मजबुत बनाउन उपयोगिताको सिद्धान्त अबलम्बन गर्नुपर्ने हुन्छ । कम्यूनिष्टहरुले संसदीय व्यवस्था मान्दैनन् । तर, आज तिनै कम्यूनिष्टहरू संसदीय अभ्यासमा अभ्यस्त छन् । संसदीय व्यवस्थाका प्रवक्ता जस्ता देखिएका छन् र आज सरकारकै नेतृत्व गरिराखेका छन् । माओवादीले संसदीय व्यवस्था बिरुद्ध हतियार उठायो । १७ हजारको बलि चढायो यो व्यवस्था भत्काउन राष्ट्रको अर्बौंको सम्पति नोक्सान गऱ्यो तर आज तिनलाई सत्ता नभई नहुने भएको छ । यिनले तेत्रो शहादत/बलिदान केका लागि गऱ्यो ? प्रश्न आजसम्म पनि अनुत्तरित छ । यस पृष्ठभूमिमा राप्रपा लोकतन्त्र भन्दा बाहिर छैन । आज राप्रपा संसदमा पाँचौ स्थानमा छ आफ्नो विचार र मुद्दालाई सशक्तरुपमा संप्रेषण गरिरहेको छ । भोलि सडक र सरकारमा पनि प्रभावी देखिन्छ नै ।

कांग्रेस, एमाले सम्मिलित गठबन्धनले साँच्चै राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने, संविधान संशोधनलाई मूल मुद्दा बनाउँछ भने संविधानको सबै धारामा खुला छलफल र संशोधनको मार्ग प्रशस्त गर्छ भने त्यतिबेला गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको खारेजीको विषयमा खुला छलफल वा पुनर्विचार गर्न ठूला पार्टी तयार भए, त्यहि आधारमा सरकारमा जाँदा उपयुक्त हुन्छ । राष्ट्रिय बहस र छलफलमा राप्रपाको मुद्दा केन्द्रीयरुपमा देखिन्छ नै । तसर्थ आदर्श र क्रान्तिकारी देखिन उत्तेजना वा भावावेशमा आएर होइन ठण्डा दिमाखले सोचेर यथार्थ र बस्तुनिष्ठ भएर निर्णय गरौं । आगे जो विचार । अस्तू

# ज्ञान पार्क-हेटौंडा उपमहानगरको एक ड्रिम प्रोजेक्ट



रमेश प्रसाद लामिछाने

१. के हो ज्ञानपार्क ? (सरल र संक्षिप्तमा, ज्ञान पार्क भन्नाले विभिन्न विषय क्षेत्र र वस्तुहरुका बारेमा जानकारी दिने रमणीय र आकर्षक स्थल भन्ने बुझिन्छ । अलि बिस्तृतमा बुझ्दा एकै कम्पाउण्ड भित्र इतिहाँस, साहित्य, भाषा, कला, सांस्कृतिक, गणित, विज्ञान, प्रविधि, खोज अनुसन्धानका तहगत तथा क्षेत्रगत आवश्यक सामग्रीहरु, स्थानिय र राष्ट्रिय पहिचानका वस्तु तथा सामग्रीहरु, मनोरञ्जन तथा मौलिकता झल्काउने सामग्रीहरुको आकर्षक ब्यवस्थापन र सञ्चालन स्थल नै नलेज पार्क हो ।

२. सन्दर्भलाई यसरि जोडौं- हेटौंडा उपमहानगरमा नलेज पार्कको स्थापनासँगै प्रभावकारी संचालन तथा ब्यवस्थापन गर्ने विषयले प्रवेश पाईसकेको छ । यो विषयका परिकल्पनाकार उपमहानगरका विज्ञ सल्लाहकार डा.कृष्ण प्रसाद धिताल र यो पार्कको स्थापनाले हेटौंडाको उच्च पहिचान बनाउने बिश्वास लिनुभएका नगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, नगर शिक्षा महाशाखा र नगरका आम जनप्रतिनिधिहरु एवम् शिक्षा सरोकारवर्ग सँगै मिडियाकर्मीहरुका लागि यो एक ड्रिम प्रोजेक्टका रुपमा उदाएको विषय भन्दा बिमति नहोला । उपमहानगरको नीति तथा कार्यक्रममा समेत समावेश भएको यो नलेज पार्कका सबालमा पहिलो पटक २०८० साल कार्त्तिक १ गते आयोजित बैठकबाट वडा नं.१ का वडाध्यक्ष सबिन न्यौपानेको संयोजकत्वमा सह-संयोजकमा वडा नं.१०का वडाध्यक्ष फुर्वा दोर्जे तामाङ सहित १३ सदस्यीय कमिटि बनि ज्ञान पार्कको अवधारणा र प्रक्रियाका एकाध पाईला अगाडि बढिसकेको स्थिति छ भन्दा अत्युक्ति नहोला । यस बीचमा उक्त कमिटिको चारवटा बैठक बसि नलेज पार्कलाई केहि गति दिने सैद्धान्तिक काम यो आर्थिक वर्षमा भएको छ ।

३. ज्ञानपार्क स्थापनार्थ यसका अवधारणा तथा विषयवस्तुहरुका बारेमा स्पष्ट बन्दै उपयुक्त स्थान लगायत प्रारम्भिक लागत समेतका शिर्षकहरुमा सुझाव संकलनकै क्रममा पहिलो चरणको कायक्रम मिति २०८१ असार १३ गते सम्पन्न भैसकेको छ । उक्त मितिमा मकवानपुर क्याम्पसका उपप्राध्यापक डा. राम प्रसाद अधिकारीले नलेज पार्कका बारेमा अवधारणा र विषय वस्तुहरु, अन्य मुलुकको स्थिति, नेपालमा यस्को अवस्था, हेटौंडामा सम्भावित स्थानहरु, लागत, संचालन तथा ब्यवस्थापनका पक्षहरुमा समेत प्रत्यक्ष अवलोकन र प्राप्त सुझावहरुलाई समेत सलंग्न गरी प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुत खाकामा थप सुझावहरु समेट्ने काम निरन्तर रहने पनि जनाईएको छ ।

४. उल्लेखित प्रस्तुतीकरणमा ज्ञान पार्क स्थापना सम्बन्धी अवधारणाका उद्धेश्यहरु अन्तर्गत सर्वप्रथम उपयुक्त स्थानका बिकल्प, पार्कभित्र रहने विधा र क्षेत्रहरुको सम्भाव्यता, अनुमानित लागत र पार्क संचालन तथा ब्यवस्थापनका उपयुक्त बिकल्पहरु प्रस्तुत भएका छन् । संगै, अमेरिकाको अनुसन्धान त्रिकोण पार्क, सिलिकन भ्याली, क्याम्ब्रिज ईनोभेसन सेन्टर, युनिभर्सिटी सिटि साईन्स सेन्टरर टेक पार्क्स परियोजना गरि ५ वटा, वेलायतको क्याम्ब्रिज विज्ञान पार्क, अक्सफोर्ड साईन्सपार्क, म्यानचेस्टर साईन्स पार्क, बर्मिङ्घम रिसर्च पार्क र Heriot-Watt Research Park गरि ५ वटा त्यस्तै फ्रान्सका सोफिया एन्टिपोलिस, Paris-Saclay, EuraTechnologies, Technopole Brest-Iroise, Mediapolis Strasbourg गरि ५ वटा अनि चीनको Zhongguancun Science Park, सांघाई झाङजियाङ हाईटेक पार्क, वुहान पूर्वीताल हाईटेक विकास क्षेत्र, सेन्जेन हाईटेक ईन्डस्ट्रियल पार्क र सुझाउ ईन्डस्ट्रियल पार्क गरि ५ वटा भारतको अन्तर्राष्ट्रिय टेक पार्क बैंगलोर, टेक्नो पार्क त्रिवेन्द्रम, हैदरावाद सूचना प्रविधि र ईन्जिनियरिङ परामर्श सिटि, TIDEL Park Chennai, Software Technology Parkof India गरि ५ वटा पार्कहरु जम्मा ५ वटा विकसित देशका २५ वटा पार्कहरु लिट्रेचर अन्तर्गत उल्लेख गर्दै मोडल भने हाम्रो सन्दर्भ भन्दा धेरै उच्च तहका भएको पाईयो । उल्लेखित एकै पार्क विशाल क्षेत्रमा अवस्थित जहाँ सयौं ब्यवसायिक कम्पनिहरु, विश्वविद्यालय अनुसन्धान केन्द्रहरु, प्रयोगशालाहरु, सूचना प्रविधि, जैविक प्रविधि, समुद्रि विज्ञान, दूरसंचार, एआई, उर्जा तथा वातावरणीय विज्ञान, खासगरि शिक्षा र अनुसन्धानमा केन्द्रित प्रयोशालाहरु रहेको पाईयो ।

५. नेपालमा भने बनेपा स्थित आईटी पार्क र गोदावरी नलेज पार्क गरि २ वटा यो प्रकृतिका पार्कहरुमा स्टार्ट अप ईन्क्यूवेसन, सीप विकास तालीमहरु, नवप्रवर्तन तथा अनुसन्धान र सामाजिक विकासका गतिविधिहरु आदि संचालन भैरहेको छ । विश्वमा संचालित ज्ञान पार्कहरुमा समेटिएका प्रमुख विषयवस्तुहरुमा इनोभेशन, रिसर्च, डिजिटल टेक्नोलजी, विज्ञान र प्रविधि, इन्क्यूवेशन र बिजिनेस स्टार्ट अप, ईन्जिनियरिङ, ल्याव, हेल्थ, बायोमेडिकल, गणित, ईलेक्ट्रोनिक्स, डेटा सेन्टर, बायोडाईभर्सिटि कन्जरभेशन आदि रहेका छन् । यसरि ज्ञान पार्कलाई शैक्षिक मनोरंजनात्मक स्थलका रुपमा मात्र नलिई शैक्षिक अनुसन्धान केन्द्र, औद्योगिक विकास, ब्यवसायिक खोज, विशिष्ट प्रयोगशालासँग जोड्दै विश्वविद्यालयतहका प्राविधिक शिक्षा र सीपमूलक तथा ब्यवसायिक शिक्षा संचालनका केन्द्रहरु, एआई तथा आईटीका सेन्टरहरु, सिकाई केन्द्रहरु, विज्ञान तथा प्रविधिसँग सम्बन्धित कम्पनिहरु समेत संचालनका क्षेत्र बनाउन सकिन्छ ।

६. ज्ञान पार्क स्थानको चयन हाम्रो प्रमुख सवाल हो । क्षेत्रफल सकेसम्म धेरै हुनु राम्रो हुन्छ । अधिकतम ब्यक्तिहरुको सहज पहुँचका लागि शहरमा सुविधा सम्पन्न र फराकिलो स्थल हुनैपर्दछ । विषयगत भिन्न भिन्न भवनमा इतिहास, गणित, भाषा, साहित्य, कला, संस्कृति,

...बाँकी पृष्ठ ३ मा

# रोटरी क्लब अफ हेटौंडामा ढकालको पदस्थापना

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ हेटौंडाको अध्यक्षमा प्रकाश ढकालको पदस्थापन भएको छ । शनिबार हेटौंडा-२ स्थित पल्पसा प्याराडाइज होममा अध्यक्ष ढकालको पदस्थापना भएको हो ।

क्लबको वर्ष २०२३/०२४ का अध्यक्ष स्वागतराज प्याकुरेलको सभाध्यक्षता तथा असिस्टेन्ट डिष्ट्रिक्ट गभर्नर विष्णुप्रसाद शर्माको प्रमुख आतिथ्यमा पदस्थापन कार्यक्रम भएको हो प्याकुरेलले अध्यक्षको पद ढकाललाई हस्तान्तरण गर्नुभएपछि क्लबको ३३ औं अध्यक्षको रुपमा रोटरी क्लबको वर्ष २०२४/०२५ मा पदस्थापित भएर क्लबका लागि विभिन्न पदमा सदस्यलाई जिम्मेवारी पनि प्रदान गर्नुभएको छ ।

क्लबको इलिक्ट अध्यक्षमा प्रमेश प्रधान, नोमिनी अध्यक्षमा अर्जुन सुवेदी, उपाध्यक्षमा हरिवंश भेटवाल, सचिवमा उमाप्रसाद रौनियार र कोषाध्यक्षमा रोशन सेन गुप्ता रोटरी वर्ष २०२४/०२५ का लागि चयन हुनुभएको छ। एक वर्षका लागि अध्यक्षमा निर्वाचित हुनुभएको ढकालले एक वर्षको कार्ययोजनाका बारेमा जानकारी गराउनुभएको छ ।

उहाँले माइक्रो क्रेडिट कार्यक्रम सञ्चालित समूहहरुमा सिलाईकटाई तथा सेनेटरी प्याड निर्माण सम्बन्धी एड्भान्स तालिम सञ्चालन गरी आत्मनिर्भर भई व्यवसाय सञ्चालनमा सहयोग पुर्‍याउने बताउनुभयो । राष्ट्रिय रोटरी मावि मनहरी र बालज्योति आधारभूत विद्यालय प्रतापपुरलाई ह्याप्पी स्कूलको अवधारणाअन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्ने योजना प्रस्तुत गर्नुभयो ।

प्रत्येक वर्ष २ पटक गरिँदै आएको निःशुल्क आँखा शिविर यस वर्ष पनि सञ्चालन गरिने उहाँको योजना छ । पदस्थापना कार्यक्रमा हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडाध्यक्ष नवीन सिग्देलको विशिष्ट आतिथ्य रहेको थियो । चार्ट मेम्बर तथा पूर्वअध्यक्ष माधव अधिकारी, विजय अधिकारी र फस्ट लेडी अजिता ढकाललगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा इन्ट्र्याक क्लब अफ बाल जागृति अध्यक्ष विशेषमान श्रेष्ठ र र रोट्र्याक क्लब अफ हेटौंडाका अध्यक्ष सुमित्रा लामाको पनि २०२४/०२५ का लागि उपदस्थापना भएको छ ।

# हेटौंडा-८ बालमैत्री शासनयुक्त वडा घोषणा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ८ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । चन्द्रोदय माध्यमिक विद्यालयको परिसरमा भएको कार्यक्रममा ८ नम्बर वडा बालमैत्री शासनयुक्त घोषणा भएको हो ।

शनिबार एक कार्यक्रम बिच हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले वडालाई बालमैत्री घोषणा गर्नुभएको हो । हेटौंडाभित्रको अन्य वडाहरुमध्ये ८ नम्बर पहिलो बालमैत्री शासनयुक्त वडा घोषणा भएका छ ।

वडामा ५१ वटा सूचक पूरा गरेर बालमैत्री वडा घोषणा हुन सफल भएको वडाध्यक्ष रामकृष्ण थापाले बताउनुभयो । बालमैत्री वडा बनाउनका लागि आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेर वडालाई बालमैत्री घोषणा गर्न सफल भएको उहाँले बताउनुभयो ।



८ नम्बर वडाले बालविवाहमुक्त वडा बनाउनका लागि विभिन्न कामहरु गर्दै आएको वडा अध्यक्ष थापाले बताउनुभयो । चालु आर्थिक वर्ष २०८०/०८१ मा वडा कार्यालयले ३ वटा बालविवाहलाई रोकेको र अनाथ, असहाय बालबालिकाको संरक्षणका लागि माइती नेपालसँग सहकार्य गरेको बताउनुभयो ।

नगर प्रमुख लामाले मानिसले आफ्नो जीवनमा विकासको क्रममा कसरी हामीले सिक्यौं र हामी अब्बल भए नभएको बाल्यकालदेखि नै भरपर्ने बताउनुभयो । बालबालिकाको विकासका कारण मानव जीवनको विकास हुने नगर प्रमुख लामाले बताउनुभयो। बालबालिकाको विकास हुने काम नगरेसम्म मानव जीवनलाई बलियो बनाउन नसकिने उहाँले बताउनुभयो ।

नगरपालिका बालबालिकाको चौतर्फी विकास गर्न र अब्बल बालबालिका निर्माण गर्नबाट कहिले पछि नपर्ने उहाँको भनाइ छ। अहिलेको समयमा जीवनयापन नभई जीवनलाई उपयोगी बनाउने र प्रविधिमैत्री जीवनमा सक्षम र दक्ष बनाउनुपर्ने उहाँले बताउनुभयो । जीवनलाई उपयोगी बनाउनका लागि सरकार, अभिभावक, नेतृत्व गर्ने टोल विकास र सामाजिक संस्थाहरुको ठूलो भूमिका हुने उहाँले धारणा राख्नुभयो ।

आफू र आफ्नो समाज कस्तो बनाउने भन्ने कुरा सबैले मूल्यांकन गर्नुपर्ने उहाँले बताउनुभयो । हेटौंडामा बालबालिकाको अधिकार प्रत्याभूत गरेर लैजाने उहाँले बताउनुभयो । संविधान, स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था र हाम्रो कर्तव्य जिम्मेवारी पूरा गर्नुपर्ने उहाँको भनाइ छ । कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँ र १९ वटै वडाका वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो ।

## ज्ञान पार्क हेटौंडा...

विज्ञान, प्रविधि, अनुसन्धान, सीप, तालिम, ब्यावसाय, आईटी, ल्याव, ईन्जिनियरिङ, कृषि, पशु, उद्योगका केन्द्रहरु आदि रहने भएकाले ब्यवस्थित यातायात, पर्याप्त भौतिक सुविधा, सामान्य मनोरंजन, खेलकुद, विश्रामस्थल, पार्किङ, शौचालय, पुस्तकालय, बालमैत्री, लैगिंक मैत्री, अपाङ्गमैत्री र भूकम्प प्रतिरोधि संरचनाको जरुरी हुन्छ नै । आधारभूत तह देखि उच्च शिक्षाका विद्यार्थीहरुका लागि ज्ञान पार्क आकर्षणको केन्द्र बन्नै पर्दछ । सामाजिक संग्रहालयको रुपमा स्थानिय तथा राष्ट्रिय स्तरका कला, साहित्य, संस्कृति, भाषा, भेषभुषा, प्राचिन सामग्रीहरु, फयाव ल्याव, ब्यवसायिक स्टार्ट अप ईन्क्यूवेशन सेन्टर, सुविधा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र संगै योग ध्यान तथा आध्यात्मिक क्रियाकलापका लागि समेत आकर्षण बनोस भन्ने हेटौंडा नगरवासीको अपेक्षा पाईयो ।

७. हेटौंडामा ज्ञानपार्क स्थापनाका लागि विभिन्न वैकल्पिक स्थान तथा मोडलहरु समेत प्रस्ताव गरिएको छ । पहिलोमा, संचालनमा रहेका विभिन्न पार्कहरु हर्नामाडी कला केन्द्र, राजदेवी गुफा, जुरेथुम पार्क, शक्तिश्वरी मन्दिर पार्क, शहिद स्मारक पार्कहरु प्रयोग गर्न सकिन्छ कि ? त्यस्तै, दोश्रोमा, हेटौंडा नगर क्षेत्र भित्रका धेरै जमिन भएका शिक्षण संस्थाहरु रोज्ने कि ? तेश्रोमा, हेटौंडा औद्योगिक क्षेत्र भित्र खाली वा बन्द रहेका स्थान पनि त होला नि ? चौथोमा, नयाँ पूर्वाधार निर्माणका लागि विभिन्न सामुदायिक वन क्षेत्रका र खाली तथा सार्वजनिक जमिन पनि बुझ्न सकिन्छ ।

८. अन्तमा, ज्ञान पार्क सिधा बुझ्दा शिक्षासँग जोडिएता पनि उद्योग, ब्यवसाय, सीप, तालिम, अनुसन्धान, कृषि, पशु, विज्ञान, आईटी, पर्यटन लगायत सबै विषयगत क्षेत्र समेटिने भएकाले समग्रमा सिङ्गो उपमहानगरको प्रतिष्ठासँग जोडिएको स्विकार्नै पर्दछ। संचालन तथा ब्यवस्थापनका सबालमा नगरपालिकाले एकल तथा नीजि क्षेत्रमा वा संयुक्त रुपमा संचालन र ब्यवस्थापन गर्ने गरि प्रभावकारी मोडल बनाउन सकिनेतर्फ समेत सोँचहरु अगाडि आईसकेको छ । प्रदेश विश्व विद्यालयको चर्चा गरिरहँदा यो ज्ञान पार्क उक्त विश्वविद्यालयको महत्वपूर्ण आधार बन्न सक्दछ । हाम्रो नगरको उच्च पहिचानसँग जोडिएको यो ज्ञान पार्क आम नगरबासी मात्र हैन तमाम सरोकारवर्गको चासोको विषयवस्तु भएकाले पनि ज्ञानपार्क निर्माण स्थल लगायतका विषयहरुमा यहाँ थप सुझाव सल्लाहको अपेक्षा गएिको छ।

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी

## भानुभक्त आचार्य



शिक्षा कार्की

जननी भूमि नेपालको समूतको महान नाम
भानुभक्त आचायृ सच्चा कविको शान

काव्यले सजाय भूमि, हरकोणमा मिठास शब्दले
भरिदिए जीवन संस्कृति र विश्वास

रामायणको कथा बोकेर नेपालीमा अनुवाद
सर्वसाधारणको हृदयमा राखिदिए उपहार

सिद्धकालीको मन्दिरमा शब्दमा माला जडे
नेपाली भाषा प्रेममा काव्यले ज्योति बाले

साहित्यको अमृतरशमा जीवनको सन्देश
भानुभक्तको काव्यले दिएका छन् उपदेश

धेरै पढे, सुने सबैले माने महान
भानुभक्तको योगदान नेपालको शान

हामीले सम्झनुपर्ने सधैं सम्मान गरौं
भानुभक्तलाई नेपालीको हृदयमा सजाऔं

साहित्यका ती रत्न अमर कविको शान
भानुभक्त आचार्य हाम्रो गौरव हाम्रो शान ।

*कक्षा-६*

## चित्रकला






अविग मगराती
कक्षा-६

## तिमी कति महान भानु



सम्भवराज दाहाल

भानुभक्त तिमी महान कवि
भानुभक्त तिमी साहित्यको तारा
म मात्र के गरुँ श्रद्धा तिमीलाई
जब गर्न तयार छन् यो जगत सारा

भानु तिमी आदि कवि
महान छन् तिम्रा लेखहरु
म पनि बनुँ कवि तिमीजस्तै
चर्चित छन् तिम्रो कृतिहरु

तिम्रो लेख र रचना छन् महान
मेरो एउटा मात्रै छन् चाहना
मलाई बन्नु छ कवि महान ।

साहित्यको आकाशमा चम्किने
तिमी उज्यालो तारा
तिमीलाई म मात्र होइन
तिमीलाई श्रद्धा गर्छन् सारा

संस्कृत रामायणलाई नेपालीमा ल्याउने
साहित्यको साँच्चै अर्थ बुझाउने
सबै संस्कृतिलाई सम्मान गर्ने
अब तिम्रो नाममा भानु जयन्ती मनाउने ॥

*कक्षा-६*

## हाम्रो देश



हमिस कोइराला

कति राम्रो हाम्रो देश
चार जात छतीस वर्णको फुलबारी
कति राम्रो हाम्रो भेष संसारभरिको

हिमालको चुचुरोको नाम सगरमाथा
विश्वलाई चिनाउने, वीर नेपाल गाथा

तराईको हरियाली जंगलमा मृग नाचेको छ
पहाडको डाँडाकाँडा गुरास हाँसेको छ।

दुख गर्दछन् किसानले तराइको फाँटमा
पहाडका साथीसँग कोदाली छन् हातमा ।

नेपालीलाई चिनाउन जन्मे गौतम बुद्ध
विश्वभरको मानिसको मन भयो संघ ।

संसारकै राम्रो हाम्रो सानो देश
आफू भन्दा प्यारो लाग्छ मलाई मेरो दश ।

*कक्षा-६*

## मिलन-धर्मराज स्मृति फुटबल

# उपाधिका लागि हासु र कैलाश भिड्ने



**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा जारी फुटबल प्रतियोगितामा इन्टरनेट सिटीलाई हराउँदै हासु एफसी मनहरी फाइनलमा प्रवेश गरेको छ । सिम्पानी युथ क्लबको आयोजनामा भएको प्रतियोगिताको सेमिफाइनल खेलमा इन्टरनेट सिटीलाई हराउँदै हासु फाइनलमा प्रवेश गरेको हो ।

गाउँपालिका वडा नम्बर-८ स्थित सिम्पानी मैदानमा शनिबार भएको सेमिफाइनल चरणको अन्तिम खेलमा इन्टरनेट सिटीलाई १-० गोल अन्तरले हासु एफसी मनहरीले पराजित गरेको छ । प्रतियोगिताअन्तर्गत अब हासु एफसी मनहरीले उपाधिका लागि सोमबार हुने फाइनल खेलमा कैलाश एफसीसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । फाइनलमा प्रवेश गर्ने दुई टिम जीतको लक्ष्यसहित मैदानमा उत्रनेछन् ।

मनहरीको जीतमा दिपेश चाम्लिङ राईले निर्णायक गोल गरेका छन् । उनले दोस्रो हाफको खेल सुरु भएको केही समयमै गोल गरेर टिमलाई जीत दिलाएका हुन् । खेलको म्यान अफ द म्याच जन्मजय धामी घोषित भएका छन् । यता, इन्टरनेट सिटीबाट प्रतियोगिताको निर्धारित समय समाप्तपछि ७ मिनेटको समय थप गरेर खेल सञ्चालन गर्दा पनि गोल फर्काउन सकेन ।

प्रतियोगितामा १२ टिमको सहभागिता रहेको थियो । गाउँपालिकाको पूर्वफुटबल खेलाडी मिलन धर्मराजको स्कुटर दुर्घटनामा निधन भएको स्मृतिमा प्रतियोगिताको आयोजना गरेको खेल संयोजक प्रकाश थिङले बताउनुभयो । प्रतियोगिताका लागि स्थानीय क्रसर व्यवसायी र अन्य व्यक्तिहरुबाट पनि सहयोग प्राप्त भइरहेको संयोजक थिङले बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागततर्फ उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई ५-५ हजार रुपैयाँको नगद राशि र प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै, प्रतियोगिता अवधिभरको सर्वोकृष्ट खेलाडीले ७ हजार रुपैयाँ र ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि करिब ९ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# किनारमा राखिएका निर्माण सामग्रीले असुरक्षित बन्दै सडक



**समाज संवाददाता**

हेटौंडाः किनारमा असरल्ल छाडिएका निर्माण सामग्रीले सडकलाई असुरक्षित बनाइरहेको छ । निर्माण कार्यका लागि थुपारिएका सामग्रीहरुको व्यवस्थापन सही ढंगबाट नहुँदा सडक यात्रा जोखिमपूर्ण बन्दै गएको छ ।

सार्वजनिक तथा निजी निर्माणका लागि सडक छेउमा निर्माण सामग्री राख्दा सवारी आवगमनमा समस्या हुनुको साथै दुर्घटनाको जोखिमसमेत बढेको छ । हेटौंडा बजार क्षेत्रमा साँघुरा सडक र राजमार्गका किनारमा निर्माण सामग्री राख्दा दुर्घटना जोखिम निम्तिने गरेको हो । सडकलाई सुरक्षित बनाउन न राज्यका निकायले ध्यान दिएको छ, न निर्माण कम्पनीले नै चासो दिने गरेको छ ।

राज्यका निकायहरुको उदाशिनता र निर्माण कम्पनीको लापरवाहीका कारण सडक यात्रा जोखिमपूर्ण बनिरहेको छ । सडक पेटी, नाला तथा अन्य निर्माण कार्य गर्दा ठेकेदारले जथाभावी निर्माण सामग्री सडक किनारमा राख्दा दुर्घटना बढेको हेटौंडा-६ की लक्ष्मी श्रेष्ठले बताउनुभयो । सडकमा असरल्लरुपमा गिट्टी बालुवा, ढुंगा राख्दा सडकमा आवतजावत गर्न कठिन भइरहेको र साँघुरा सडकमा स्कूल बस, दैनिक उपभोग्य सामग्री ल्याउन समस्या हुने गरेको उहाँको भनाइ छ ।

विषेशगरी दुईपाँग्रे सवारी साधन निर्माण सामग्रीमा चिप्लिर लड्ने गरेको हेटौंडा-६ का रोशन सापकोटाले बताउनुभयो । सार्वजनिक तथा निजी निर्माण कार्यका लागि ल्याइने सामग्रीहरु व्यवस्थापनमा सरोकारवाला निकायले बेवास्ता गर्दा समस्या भएको उहाँले बताउनुभयो ।

शुक्रबारमात्र सडक छेउमा थुपारिएको निर्माण सामग्रीमा मोटरसाइकल चिप्लिँदा २ जना गम्भिर घाइते भएका छन् । शुक्रबार राति ९:३० बजेको समयमा सडक छेउमा थुपारिएको निर्माण सामग्रीमा चिप्लिएर हेटौंडाबाट हर्नामाडी जाँदै गरेका २ वटा मोटरसाइकल मदन भण्डारी राजमार्ग (धरान- चतरा सडकखण्ड) अन्तर्गतको हेटौंडा-६, पुतलीबजार भुलभुले भन्ने स्थानमा दुर्घटनामा परेका थिए ।

दुर्घटनामा २ जना गम्भिर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । सडकको ढलको ढकन बनाउनका लागि सडक किनारमा राखेको ग्राभेल र बालुवामा चिप्लिएर बागमती प्रदेश ०३-००३ प ७१२६ नम्बरको मोटरसाइकल चालक हेटौंडा-१८ का सुमन दुलाल र सोही स्थानका बागमती प्रदेश ०३-००५ प ६३०९ नम्बरका चालक विनायक दुलाल घाइते भएका थिए । घाइते दुबैलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । हेटौंडा अस्पतालमा उपचार हुन नसकेपछि उनीहरुलाई थप उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार निर्माण सामग्रीको व्यवस्थापन सडक क्षेत्रको निर्माण कार्य गराउने व्यक्ति वा निकाय र गर्ने व्यवसायीको पहिलो दायित्व हुने हो । दुबै पक्षले उचित व्यवस्थापन गर्न नसक्दा दुर्घटना भएको र त्यस विषयमा सरोकारवाला निकायको रुपमा प्रहरी प्रशासनको ध्यानाकर्षण भएको उहाँले बताउनुभयो ।

यता निर्माण कार्य सञ्चालनको अनुमति दिएको सडक डिभिजन कार्यालय हेटौंडाले भने थोरै अवधिको काम भएकाले सुरक्षाको विषयमा प्राथमिकताका साथ हेर्न नभ्याएको जनाएको छ । सम्बन्धित वडा कार्यालयको सिफारिसमा अत्यावश्यक भएकाले असारमा मात्रै कोटेशनको आधारमा निर्माण कार्य गरिएको कार्यालय प्रमुख राजेशकुमार यादवले जानकारी दिनुभयो । सडक क्षेत्रको निर्माण कार्यमा प्रयोग हुने सामग्रीको व्यवस्थापन सडक सुरक्षालाई ध्यानमा राखेर सम्बन्धित निर्माण व्यवसायीले गर्नुपर्ने उहाँको भनाइ छ ।

# २११ औं भानुजयन्तीमा रचना वाचन

**समाज संवाददाता**

हेटौंडाः २ सय ११ औं भानुजयन्तीको अवसरमा रचना वाचन कार्यक्रम भएको छ । भानु प्रतिष्ठान नेपाल बागमती प्रदेश कार्यसमितिको आयोजनामा शनिबार हेटौंडा-१० स्थित सोलिड्यारिटी बोर्डिङको सभाहलमा २ सय ११ औं भानुजयन्तीको अवसरमा रचना वाचन कार्यक्रम भएको हो ।

प्रतिष्ठानका अध्यक्ष हयग्रिव आचार्यको सभाध्यक्ष तथा बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माको प्रमुख आतिथ्यमा रचना वाचन कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रदेश प्रमुख शर्माले सापेक्षतामा आधारित कविता आदिकवि भानुभक्त आचार्यले लेख्ने गरेको बताउनुभएको छ । आदिकवि आचार्यले लेखेको कविताहरुबाट मानिसहरुले धेरै बाहिरी ज्ञानको विकास गर्न सकिने बताउनुभयो ।

साहित्यकारहरुले दिन र भन्न खोजेको कुराहरुलाई विधागतरुपमा अध्ययन गर्नुपर्ने प्रदेशप्रमुख शर्माले बताउनुभयो । सत्यका आधारमा रहेर आदिकवि आचार्यले कविताको रचना गरेको कारण सापेक्ष कविता बनेको उहाँको भनाइ छ । समाजका सूक्ष्म गतिविधिहरु साहित्यको माध्यमबाट आउने उहाँले बताउनुभयो ।

साहित्यको माध्यमबाट कलात्मक अभिवृद्धिको विकास हुने गरेको उहाँले बताउनुभयो । भूमिमा विशिष्ट व्यक्तिहरुले दिएको योगदानलाई बुझेर अगाडि बढ्न आवश्यक रहेको उहाँले औंल्याउनुभयो । सबै मानिसहरुले फरक-फरक प्रकारको गुण क्षमता हुने भएकाले आफ्नो तुलना अरुसँग नगरेर क्षमता अनुरुप काम गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । आदिकवि आचार्यको कारण नेपाली भाषाको विकास भएको बताउनुहुँदै कवि नभएको भए भाषाको विकास नहुने उहाँले धारणा राख्नुभयो । साहित्यले वास्तविक कुरालाई झल्क्याउने उहाँले बताउनुभयो ।

कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले आदिवकी आचार्यको बारेमा चर्चा गर्नुभएको छ । उहाँले भानुभक्त आचार्यको कारण धैरै कुराहरु सिक्न सक्ने बताउनुभयो ।

प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीलगायत विभिन्न पदाधिकारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा सोलिड्यारिटी बोर्डिङकी बिनिता तामाङ, तुलसी मेहरकी अनुसुया खनाल, बालजागृती बोर्डिङकी आशिका न्यौपानेले भानुजयन्तीसम्बन्धी रचना वाचन गर्नुभएको छ । यस्तै, साहित्यकार मञ्जु खराल, पुरुषोत्तम आचार्यले पनि कविता वाचन गर्नुभएको छ ।

# विद्यालयको अध्यक्ष र सदस्यहरुलाई सम्मान

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-९ स्थित मोर्डन इङ्लिस सेकेण्डरी बोर्डिङ स्कूलले विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका अध्यक्ष र सदस्यहरुलाई सम्मान तथा स्वागत गरेको छ । शुक्रबार विद्यालयले एक कार्यक्रमबिच नवगठित विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका अध्यक्ष एवम् सदस्यहरुलाई स्वागत र सम्मान गरेको विद्यालयका प्रधानध्यापक सुदीप बर्तौलाले जानकारी दिनुभयो । विद्यालयले पूर्वसमितिको म्याद सकेपछि जेठ २९ गते नयाँ समिति गठन गरेको थियो । विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा पूर्वअध्यक्ष श्यामकृष्ण खतिवडा चयन हुनुभएको छ । समितिको सदस्य वडा प्रतिनिधिमा बिष्णु राना मगर, सदस्य शिक्षा विकास महाशाखाका हरिचन्द्र सापकोटा, सदस्य अभिभावकमा हीरा भट्ट बस्नेत र कृष्णमाया स्याङ्तान चयन हुनुभएको हो । सदस्य समाजसेवीमा प्रकाश पौडेल, सदस्य शिक्षक प्रतिनिधिमा बिमला श्रेष्ठ र सदस्य सचिवमा सुदीप बर्तौला रहनुभएको छ । यस्तै, शिक्षक अभिभावक संघको अध्यक्षमा सोमबहादुर लामा चयन हुनुभएको छ । सदस्यमा मेघराज वाईबा, सचिन श्रेष्ठ, दुर्गा कोइराला, सीता जमकटेल, विजया तिमल्सिना र सदस्य सचिव सुदीप बर्तौला चयन हुनुभएको हो । समितिको ३ वर्षे कार्यकाल रहने छ ।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ